स्थानीय सरकार
मेलुङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
बागमती प्रदेश
भेड्पु, दोलखा, नेपाल

पत्र सङ्ख्या : ०८०/०८१
चलानी नम्बर : सूचना/ नं. ०८५

मितिः २०८१।०२।११

## कृषकहरुको लागि जनहितमा जारि सूचना !

लामो समय सम्म परेको खडेरी तथा त्यस पश्चयात परिरहेको झरीको कारण विभिन्न किराको टोकाइबाट पशुहरुको शरिरमा व्यापक घाउँखटीरा तथा पशुबस्तुहरुमा विभिन्न किसिमको रोग देखापरेको हुदाँ उक्त रोगहरुबाट बच्न तपसिल बमोजिमका सुरक्षाका उपायहरु अपनाउनको लागि कृषकहरुमा यो सूचना जारि गरिएको छ।

तपसिलः

१ आफ्ना पशु राखिने खोरगोठमा स्वच्छ हावा आवतजावत गर्नेगरी खोरगोठ सुख्खा राख्नु पर्दछ।

२ पशुलाई दैनिक बाधिने ठाउँभन्दा बाहिरा राखि राम्रो सँग डिटोल साबुन, बोझो वा तितेपाति जस्ता घरेलुजडिबुटीको प्रयोग गरि सफा पानीले प्रशस्त नुहाउनु पर्दछ।

३ पशुपन्छी बस्ने खोरगोठ वरिपरि सफा गरी झिँगा, लामखुट्टे तथा अन्य किराहरु आउन दिन हुदैन साथै बिहान बेलुका सुरक्षित तरिकाले खोरगोठमा धुवाँ लगाउनु पर्दछ।

४ मरेको पशुहरु जलाउने वा गहिरो खाल्डो खनेर पुर्नु पर्दछ। सहि किसिमले जलाउने वा गाड्ने नगरेमा त्यस्ता पशु सडिगलि कुहिएमा मानव तथा पशुहरुमा थप रोग फैलिन्छ।

५ पशुहरुको शरिरमा घाउँखटिरा देखिएमा रातो वा सेतो माटो तथा अन्य हानिकारक बस्तु लगाउनु हुदैन सोको सट्टा मलम, बेटाडिन तथा औषधि लगाउनु पर्दछ।

६ पशुहरुमा त्यस्ता खालको लक्षण देखिएमा नजिकको पशु स्वास्थ्य कर्तालाई सम्पर्क गरि तुरुन्त उपाचार गर्नुपर्दछ।

थप जानाकरीको लागि नजिकको एग्रोभेट, पशु सेवा केन्द्र तथा पशुपन्छी विकास शाखामा सम्पर्क गर्न अनुरोध गरिन्छ।

.......................
राष्ट्र कुमार श्रेष्ठ
(पशुपन्छी विकास शाखा)

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी